

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक २५ गते शनिबार ❑ 11 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पोखरामा करिब २ करोडको फूलको कारोवार हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

फूलै फूलको पर्वको रुपमा रहेको तिहार पर्वको अवसरमा पोखरा यस बर्ष पनि करिब २ करोड मुल्य भन्दा बढीको फूलको कारोवार हुने भएको छ । पर्यटकीय नगरी पोखरामा यस बर्ष पनि स्थानिय जातको फूल सहित उन्नतजातको सयपत्री फूलको करिब तिहार पर्वको अवसरमा दुई करोड भन्दा बढीको कारोवार हुने भएको व्यवसायीहरु बताउछन् ।

एक करोड मुल्य बराबरको पोखराका नर्सरी व्यवसायी र एक करोड मुल्य बराबरको व्यवसायीक कृषक तथा केही साना किसानबाट फुलको कारोवार हुने फ्लोरिकल्चर एशोसिएसन (फान) नेपाल जिल्ला कार्य समिति कास्कीका पूर्व अध्यक्ष दयाकुमार द्वावाले बताए । यस बर्ष पोखरामा भारतीय फूलको बजारले खासै प्रथामिकता नपाउने हुदा स्थानिय फूलको मुल्य पर्ने भएको उनले जनाए । पोखरा महानगरपालिका



र व्यवसायीहरु बिच भएको सम्झौता अनुसार पोखरामा फूलको मुल्य निर्धारण पहिलो पटक भएकोले गर्दा यसले आम उपभोक्ता र किसान तथा व्यपारीहरु बिचको खासै धेरै नाफाको ठाँउ नभएको पूर्व अध्यक्ष द्धवाले जनाए । गोल्डेन नर्सरीका संचालक समेत रहनु भएको पूर्वअध्यक्ष द्धावाले यस बर्ष चारै तर्फ फूल फुलेकोले स्थासिनय फूलको मुल्य पर्ने दाबी गरे । केही बर्ष अघिसम्म तिहार पर्वको अवसरमा पोखरामा ५० प्रतिशतबाट २५ प्रतिशत जसो भारती फूलको कारोवार हुदै आएको सन्दर्भमा यस बर्ष महानगरले प्रतिवन्ध नै लगाएकोले यसको कार्यान्वयन कस्तो रहन्छ त्यसले अर्थ राख्ने एशोसियसनका सचिव राम प्रसाद सुवेदीले बताए । उनका अनुसार प्रदेशको एशोसियसनमा करिब ४८ जना पुष्प व्यावसायीहरु आबद्ध हुनुहुन्छ जसमा अधिकांश पोखरामा रहेका छन् । यस बर्ष करिब ५५ रोपनी क्षेत्रफलमा मात्र पुष्प व्यवसायीहरुले व्यवसायीक रुपमा फूलको खेती गर्नु भएको छ । राम्रो फूल उत्पादन गर्ने व्यवसायीले प्रति रोपनीबाट करिब २ हजार मात्र उत्पादन गर्न सक्ने भएको उनको दाबी छ । पोखरामा पोखरा आसपास सहित प्रदेशका तनहुँ, म्याग्दी, बागलुङ, स्याङ्जा लगायतका जिल्लाबाट फूल भित्रिने गरेको सचिव सुवेदीले बताए ।

एशोसियसनका पूर्व अध्यक्ष एवं सिजनल मनकामना नर्सरीका संचालक समेत रहनु भएका दील बहादुर गुरुङले यस बर्ष २ रोपनी क्षेत्रफलमा फूल खेती गर्नु भएको छ भने यस बर्षकरिब २५ हजार सयपत्री फूलका बिरुवा बिक्रि गर्दै छन् । उनले तिहारमा मात्र बार्षिक रुपमा फूल खेतीबाट करिब १० लाखको फूलको कारोवार गर्दै छन् ।

भारतीय फुल केही सस्तो र एकै प्रकारको आकारमा भएको हुँदा घर सजीसजावटमा प्रायः भारतीय फूलको प्रयोग गर्ने गरेको पाइन्छ । भारतीय फूलको प्रति माला करिब ५५ रुपैयामै बजारमा उपलब्ध हुने गर्दछ नकी नेपाली फूलको भने न्यूनतम १ सय २५ भन्दा बढी पर्न जान्छ ।

## नेपालकै नमुना अत्याधुनिक रंक्त संचार केन्द्रको भवन पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

गण्डकी प्रदेशको राजधानि पोखरामा देशकै नमुना रंक्त संचार केन्द्रको अत्याधुनिक भवन निर्माण कार्य हालै सम्पन्न भएको छ । सरकारी, गैरसरकारी तथा स्वदेश एवं विदेशबाट विभिन्न व्यक्ति र संघ संस्थाको सहयोगबाट करिब ८ करोडको लागतमा उक्त भवन हालै निर्माण भएको नेपाल रेडक्रस सोसाइटी कास्कीका अध्यक्ष दण्डराज शर्माले बताए ।

भ्याट र कन्टिन्जेन्सी सहित ८ करोड २ लाख ५८ हजार ८ सय २७ रुपैयाको लागतमा उक्त भवन हालै निर्माण भएसंगै निर्माण कम्पनीका प्रबन्ध निर्देशक सुर्य तामाङ्गले उक्त भवन निर्माण समितिका संयोजक समेत रहनु भएका अध्यक्ष शर्मा सहितको टिमलाई केही समय अघि चाबी समेत हस्तान्तरण गर्नु भएको सोसाइटी कास्कीका कार्यालय प्रमुख मोहनसिंह खड्काले बताए। देशकै नमुना र अत्याधुनिक सुविधा सम्पन्न अपाङग मैत्रि समेत रहेको उक्त भवनबाट बी ग्रेडको सेवा सुविधा दिने गरी हाल भूईतला सहितको ४ तले भवन निर्माण भएको उनले जनाए ।

शहरी विकास तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन इकाई कास्कीको प्राविधिक सहयोगमा २०७६ फागुन १२ गते २ बर्षमा निर्माण कार्यसम्पन्न गर्ने गरी सिद्धार्थ कन्स्ट्रक्सन प्रा.लि.काठमाण्डौंले जिम्मा लिए पनि कोरोनाको कारण करिब डेढ बर्ष ढिलो



गरी सम्पन्न गरेको हो । उक्त भवन निर्माण गर्न संघीय सरकार स्वास्थ्य मन्त्रालय मार्फत १ करोड ९५ लाख २१ हजार, यूनिक फाउण्डेसन नेदरल्याण्डबाट ९६ लाख ३३ हजार, गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय ५० लाख सहयोग प्राप्त भएको सोसाइटी कास्कीका कोषाध्यक्ष सन्तोष अधिकारीले बताए । त्यसै गरी पोखरा महानगरपालिकाबाट ३८ लाख ६१ हजार, गुप्तेश्वर महादेव गुफाबाट २० लाख, सांसद बिद्या भट्टराई मार्फत सांसद विकास कोषबाट १८ लाख ८ हजार, रुपा गाउँपालिकाबाट ५ लाख, मादी गाउँपालिकाबाट ४ लाख ९१ हजार, गण्डकी प्रदेशका सांसद एवं पूर्व मन्त्री बिन्दुकुमार थापाको सांसद विकास कोषको ४ लाख ६४ हजार, विभिन्न बैंक तथा वित्तिय संघ संस्थाबाट २२ लाख ५ हजार, व्यक्ति तथा अन्यबाट ९ लाख ६१ ह्जार र रेडक्रस सोसाइटीका विभिन्न उपशाखाबाट गरी ४ करोड ६९ लाख २९ हजार ७ सय ९५ रुपैया संकलन भएको कार्यालयका लेखा अधिकृत गणेश कोइरालाले जनाए । उक्त भवन पश्चात अब अत्याधुनिक मेसिनरी सहितका फर्निचर तथा फर्निसिङ व्यबस्थापनको लागि ५ करोड रुपैयाको आर्थिक सहयोग आवश्यक भएको कार्यालयका सूचना अधिकारी कृष्णप्रसाद कोइरालाले उल्लेख गरे ।

प्रदेश सरकारले केही समय अघि देखि निशुल्क रंक्त उपलब्ध गराउने निर्णय अनुसार हाल रगत तथा रगतजन्य बस्तुको व्याबस्थापनको लागि उक्त भवन छिटो संचालन गर्नुपर्ने सोसाईटी कास्कीका रक्तं संचार विभाग प्रमुख धर्मराज अधिकारीले बताए। पोखरा क्षेत्रका ४ सय विभिन्न संघ संस्थाले नियमिति रंक्तदान कार्यक्रम गर्दै आएकोले उक्त रगतको विभिन्न तत्व बर्गीकरण (प्लाज्मा, सेतो/रातो लगायतका रगतको तत्व छनौट) गर्न अत्याधुनिक मेसिन आवश्यक भएको संयोजक अधिकारीले बताए। २०७८ फागुन १ गते देखि प्रदेश सरकारले रगत


बाँकी अन्तिम पृष्ठमा ▶▶



हार्दिक शुभकामना

शुभ दीपावली-२०८० र नेपाल सम्वत् ११४४ को अवसरमा हामी हाम्रा समस्त पाठक, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पोखरापत्र राष्ट्रिय दैनिक परिवार

अबको अंक मंसिर ३ गते आइतबार प्रकाशित हुनेछ ।


## गण्डकीका मुख्यमन्त्री र सिपीसीका सेक्रेटरी विच भेटवार्ता

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र नेपाल भ्रमणमा रहेका चिनियाँ कम्युनिस्ट पार्टी सीपीसीका तिब्बत स्वायत्त क्षेत्रका सेक्रेटरी वाङ छुङछेङ विच भेटवार्ता भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रवार उहाँहरुबिच भेटवार्ता भएको हो ।

भेटमा गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशसँग जोडिएका मनाङ, मुस्ताङ र गोरखा जिल्लाको तिब्बती नाकाहरु नियमित संचालन गरि प्रदेशबासीको दैनिकीलाई सहज बनाउनमा



आवश्यक सहयोग गरिदिन अनुरोध गरे । कोरोला नाकामा नेपाल तर्फ आवश्यक पूर्वाधार निर्माणकालागि सघाउन, कोरोला-पोखरा जोड्ने दुई लेनको द्रुत मार्ग निर्माण, तनहुँमा सय शैयाको अस्पताल निर्माणमा सहयोगको अपेक्षा रहेको मुख्यमन्त्री पाण्डेले सेक्रेटरी वाङ छुङछेङलाई बताए ।

चिनको सहयोगमा निर्माण भएको पोखरा अन्तराष्ट्रिय विमानस्थलमा ल्हासा, छेन्दु, गोन्जाओ लगायत शहरहरुबाट नियमित सिधा उडानका लागि अनुरोध गरे । 'यसले दुई देश बिच व्यापार, पर्यटन एवं जनसम्पर्कलाईपनि मद्धत पुऱ्याउनेछ' मुख्यमन्त्री पाण्डेले भने । भेटका क्रममा सेक्रेटरी वाङ छुङछेङले कोरोला नाका कात्तिक २७ गते (नोभेम्वर १३) मा खोल्ने योजना रहेको बताए । साथै उनले पोखरा अन्तराष्ट्रिय बिमानस्थलमा चिनको शहरबाट सिधा उडान गर्ने विषयमा आफु प्रतिवद्ध रहेको बताउँदै प्राविधिक टिमलाई यसबारे अध्ययन गर्न पठाउने बताए । गण्डकी प्रदेशलाई पहिलो प्राथमिकतामा राखेर तिब्बतले सहयोग गर्ने बताउँदै सेक्रेटरी वाङ छुङछेङले मुख्यमन्त्री पाण्डेलाई चिन र तिब्बतको भ्रमणको निम्ता दिए ।

तिब्बत सँगको सम्बन्ध अहिले मात्र नभई ईतिहासदेखि प्रगाढ रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले भृकुटीले स्थापित गरेको नेपाल तिब्बत संम्बन्धको स्मरण गरे । १२ औं सताब्दी तिर अरनीको ले नेपाल चिनको संम्बन्धलाई थप प्रगाढ बनाएको बताउँदै उनले भने 'घनिष्ठ र सौहार्दपूर्ण सम्बन्ध कायम राख्दै उत्कृष्ट द्धिपक्षीय सम्बन्धलाई सदियौँदेखि निरन्तरता दिईरहने मित्र राष्ट्र नेपाल र चिन पनि हो ।' मुख्यमन्त्री पाण्डेले सेक्रेटरी वाङ छुङछेङलाई स्वागत गर्दै नेपाल भ्रमण सफलताको कामना व्यक्त गरे ।

सेक्रेटरी वाङ छुङछेङको गण्डकी प्रदेश र नेपाल भ्रमणले द्धिपक्षिय सम्बन्ध थप प्रगाढ हुनुका साथै पोखराको पर्यटन प्रर्वद्धनमा थप मद्धत पुग्ने विश्वास व्यक्त गरे । भेटमा दुईदेश बीचको आपसी सम्वन्ध, सहकार्य र हितका अन्य विषयमा पनि छलफल भएको थियो ।


चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं । हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।।

चाडपर्वमा अनावश्यक खर्च नगरौं। मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीका किसानलाई अनुदानमा आलुको बीउ

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

पोखरा-२७ स्थित अर्घौं निवासी लेखनाथ सापकोटालाई एक हप्तादेखि रातिमा निद्रा परेको छैन । उन्नत जातको आलुको बीउ माग्दै गाउँवासी सापकोटाको घरमा पुग्नेमात्र हैन, उहाँको मोबाइल फोनमा समेत उन्नत जातको आलुको बीउ छिटो दिनुपर्‍यो पटकपटक फोन आइरहन्छ ।

अर्घौं फाँटका किसानले धानबाली काटेर आलु रोप्न खेतबारी तयार पारेको पनि एक हप्ता बितिसकेको छ, तर उन्नत आलुको बीउ भने घरमा आइपुगेको छैन । मनसुली धान रोप्ने किसानले त आलुको उन्नत बीउ उपलब्ध हुन ढिला हुने अवस्था देखेपछि १५ दिनअघि नै एग्रोभेटबाट आलु खरिद गरी रोपिसकेका छन् । कृषि तथा पशुपालन सञ्जाल अर्घौंले सरकारी अनुदानमा उन्नत आलुको बीउका लागि गत असोज महिनामा कृषि विकास निर्देशनालयअन्तर्गत कृषि ज्ञानकेन्द्र कास्कीको कार्यालयमा किसानले फाराम भरेका थिए । कृषि ज्ञान केन्द्रबाट उन्नत आलुको बीउ अर्घौं फाँटका एक सयको सङ्ख्यामा रहेका किसानसम्म पुर्‍याउने जिम्मेवारी कृषि सञ्जालका सचिव लेखनाथ सापकोटालाई छ । ज्ञानकेन्द्रको कार्यालय कास्कीको पार्दीस्थित कार्यालयको गोदाममा बुधबार मात्र झरेको ७५ प्रतिशत अनुदानको उन्नत रोजिका जातको चिप्स र ५० प्रतिशत अनुदानमा एमएस ४२ जातको आलुको बीउ बिहीबारदेखि कास्कीका ४० कृषि समूहलाई वितरण सुरु गरिएको छ ।

बीउको आलु लिनकै लागि बिहीबार दिउँसो ज्ञान केन्द्रको कार्यालय पार्दीमा पुगी आलु लोड गरिरहनुभएका सापकोटालाई तारम्तार मोबाइलमा किसानको फोन आइरहेको थिए आलुको बीउ बेलुकासम्म आइपुग्छ कि पुग्दैन, भन्नुहोस्, तिहार पर्वले छोप्यो एक दुई दिनभित्र आलु रोप्न पाइएन भने तिहारपछि पुग्छ, जसरी भएपनि बेलुकाका आलुको बीउ लिएर मात्र गाउँमा आउनुहोला ।

कृषि ज्ञानकेन्द्रले अनुदानको उन्नत जातको आलु ल्याउन १५ दिन ढिला गर्दा अर्घौं फाँटका ४० प्रतिशत किसानले महँगोमा आलु खरिद गरी आफ्नो बारीमा लगाएको जानकारी सचिव सापकोटाले दिनुभयो । अर्घौं फाटमा मात्र एक सय ५० रोपनी क्षेत्रफलमा आलुखेती गरिँदै आइएको जानकारी सञ्जालका सचिव सापकोटाले दिनुभयो । सापकोटा मात्र हैन कास्कीको आलुखेतीको मुख्य केन्द्र पोखरा-२५ का हेम्जा फाँटका किसान बुद्धिबहादुर भण्डारीले ज्ञानकेन्द्रले आलुको बीउ ढिलो उपलब्ध गराउँदा किसानले समयमै आलु रोप्न नपाएको गुनासो व्यक्त गर्नुभयो । गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गत कृषि विकास निर्देशनालयको कृषि ज्ञान केन्द्र कास्कीले किसान समूहको माग अनुसार ७५ प्रतिशत र ५० प्रतिशत अनुदानमा दुई जातका पाँच सय २५ क्विन्टल आलु नेपालकै काभ्रे, रसुवा, स्याङ्जा, नवलपुरलगायतका जिल्लाबाट आयात गरेको हो ।

कृषि ज्ञानकेन्द्र कार्यालय कास्कीका प्रमुख विकरण सिग्देलले किसानलाई अनुदानमा उन्नत जातको आलु उपलब्ध गरी विदेशबाट आयात गरिने आलुको मात्रा घटाउन गण्डकी प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले किसानलाई अनुदानमा आलु उपलब्ध गराउने कार्यक्रमअन्तर्गत बीउको आलु ल्याइएको र आलु आउन एक हप्ता ढिलो भएको बताउनुभयो । केन्द्रका कृषि विकास अधिकृत रामकृष्ण अर्यालले एमएस ४२ जातको आलुको बीउमा ५० प्रतिशत अनुदान दिई किसानलाई प्रतिकेजी ३५ रुपैयाँमा उपलब्ध गराउने र चिप्स आलुमा ७५ प्रतिशत अनुदान दिएर कृषकलाई १८ रुपैयाँ ५० पैसामा उपलब्ध गराउने बताउनुभयो । उन्नत आलुको बीउ माग गरी गत असोज महिनामा निवेदन दिएका कृषि समूहलाई अनुदानको आलुको बीउ उपलब्ध गराएको गरिएको जानकारी उहाँले दिनुभयो ।

अनुदानको आलु प्राप्त गर्ने कृषि समूहका किसानलाई ज्ञानकेन्द्रले प्राविधिक सहयोग र बिक्री वितरणको व्यवस्थापनसमेत गर्नेछ । उन्नत जातको आलुको बीउबाट उत्पादन अत्यधिक बढ्ने दाबी अर्यालको छ । कास्कीको ७० हेक्टर जमिनमा एक करोड ४० लाख रुपैयाँको उक्त कार्यक्रम सञ्चालन गरिएको जानकारी ज्ञानकेन्द्रले दिएको छ ।

नेपालमा चिप्स आलुमात्र वार्षिक विदेशबाट नेपालमा छ अर्ब रुपैयाँ बराबरका आउने गरेको जानकारी ज्ञानकेन्द्रले दिएको छ । किसानले आफैँले गाडीको ढुवानी रकम बुझाएर गाउँसम्म लानुपर्ने भएकाले लामो दूरीका किसानललाई मर्का पर्ने गरेको जानकारी रुपा गाउँपालिकाका किसान जनकराज जोशीले बताउनुभयो ।



वडा नं. १३ मा सचेतनाः पोखरा महानगरपालिका वडा नं.१३ को आयोजनामा युवा तथा अभिभावकहरुका लागि लागु पदार्थ, मध्यपान तथा दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम शुक्रबार सम्पन्न भयो । सो कार्यक्रममा कम्युनिटी सपोर्ट ग्रुपले सहयोग गरेको थियो । वडा नं. १३ का वडा सदस्य सुचिता तामाङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा बाभापाटन तमु समाजका उपाध्यक्ष सु. इन्द्र बहादुर गुरुङ र प्रशिक्षक मिलन गुरुङ लगायतले बोलेको कार्यक्रमको संचालन वडा नं. १३ का सदस्य रजनी परियारले गरेकी थिइन ।
तष्विरः पोखरापत्र

# एलजी एसोसिएसन र एन टु कफी सप प्रथम लामाचौर कप फुटबलको फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, २४ कार्तिक

एलजी एसोसिएसन र एन टु कफी सप प्रथम लामाचौर कप फुटबल प्रतियोगिताको फाइनल पुगेका छन् ।

एल सी ब्रदर्श युनाइटेड पोखरा लामाचौरको आयोजनामा पोखरा १९ लामाचौर फुटबल मैदान गोष्ते घाटमा कार्तिक १९ गते देखि जारी फुटबल प्रतियोगितामा एलजी एसोसिएसनले शितल ज्योती युवा क्लबमाथी ४-१ गोल अन्तरको सहज जित हासिल गर्दै फाइनलको यात्रा तय गरेको छ । खेलको सुरुवात देखि नै शितल ज्योतीलाई दवावमा राखेको एलजीका लागी खेलको १२औं मिनेटमा रमेश थापा मगरले गोल गर्दै अग्रता दिलाएका थिए भने खेलको २४ र २७ औं मिनेटमा आकाश थपलिया २ गोल गर्दै टिमलाई ३ गोलको अग्रता दिलाए । पहिलो हाफमा ३ गोलले पछि परेको शितल ज्योतीका लागी दोस्रो हाफको ५९ औं मिनेटमा सन्दिप गुरुङले एक गोल फर्काएका थिए । एलजीका लागी चौंथो गोल खेलको ६७ औं मिनेटमा हेमन्त तामाङ गरे। एलजीका आकाश थपलिया म्यान अफ द म्याच घोषित भए । शुक्रबारनै सम्पन्न दोस्रो सेमिफाइनलमा एन टु कफि सपले आदर्श युवा क्लबलाईलाई ट्राइवेकरमा ५-३ गोल अन्तरले हराउदै उपाधि नजिक पुगेको हो । खेलमा एन टु कफि सपका गोलरक्षक मुमिन तामाङ म्यान अफ दी म्याच घोषित भए । कार्तिक २५ गते शनिबार दिउँसो १ बजे हुने फाइनलमा उपाधि विजेताले २ लाख र उपविजेता १ लाख रुपैयाँ साथमा ट्रफी, मेडल र प्रमाणपत्र साथै विधागत पुरस्कार प्राप्त गर्ने छन् ।



## नेपालकै ...

तथा रगतजन्य पदार्थको सेवा शुल्क प्रति यूनिट ७ सय देखि १ हजारसम्मको शुल्क उपलब्ध गराउदै आएको उनले जनाए ।

पोखरा क्षेत्रमा हाल २० हजार जनाले रंक्तदान गर्दै आए पनि त्यसको बर्गीकरण गरी ३२ हजार जनालाई रगत उपलब्ध गराउदै आएको कार्यालय प्रमुख खड्काले बताए । उक्त भवन छिट्दै संचालन गर्न स्वदेशी तथा विदेशी केही व्यक्ति तथा संघ संस्थाहरुको सहयोग आवश्यक भएको सोसाइटीले जनाएको छ ।

हाल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल पोखरा) को परिसरमा प्रादेशिक रंक्त संचार केन्द्रको रुपमा नेपाल रेडक्रस सोसाइटीले सेवा उपलब्ध गराउदै आएको छ । उक्त केन्द्रलाई केही समय पछि नयाँ भवनबाट सेवा सुविधा उपलब्ध भए पनि इकाई केन्द्रको रुपमा राख्ने योजना भएको कार्यालय प्रमुख खड्काले बताए ।

# प्रधानमन्त्री दाहालद्वारा थवाङ खोलामा निर्मित पक्की पुलको उद्घाटन

रासस
रोल्पा, २४ कार्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले रोल्पाको थवाङ गाउँपालिकास्थित थवाङ खोला पक्की पुलको शुक्रबार उद्घाटन गर्नुभएको छ ।


उक्त पुलको लम्बाइ एक सय ६९ मिटर रहेको छ । सो अवसरमा उहाँले सहिदमार्ग कालोपत्र, थवाङमा फलफूल र जडीबुटी परियोजना र रोल्पाका सबै स्थानमा विद्युत् सेवा विस्तार गरिने जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालले शुक्रबार नै थवाङमा आयोजित गाउँपालिकास्तरीय पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै फुट र विभाजनका कारण माओवादी शक्ति केही कमजोर भएको जनाउँदै यसलाई शक्तिशाली बनाउन एकीकरण र ध्रुवीकरणको प्रक्रिया सुरु भएको बताउनुभयो । उहाँले भन्नुभयो, "माओवादी धारको एकीकरण यथाशीघ्र हुन्छ । पार्टी एकताका लागि विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टीसँग निकटता रहेकाले यसले यथाशीघ्र मूर्तरुप लिन्छ ।" प्रधानमन्त्री दाहालले रोल्पा अस्पतालको नवनिर्मित भवनको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको छ ।


हार्दिक मंगलमय शुभकामना

शुभ दीपावली, छठ, ईद एवम् नेपाल सम्वत् को पावनअवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुःख, शान्ति, दीर्घायू, सु-स्वास्थ्य, समृद्धि एवम् उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

किरण बराल
वडा अध्यक्ष
तथा
पोखरा महानगरपालिका वडा नं- १३ परिवार

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# तिहारको शुभकामना

हिन्दुहरुको ठूलो चाड तिहार शुरु भएको छ। नेपालमा तिहार हिन्दु मात्र होइन धेरैजसो नेपालीले मनाउने गर्दछन । तिहारमा सन्देशबाहक काग, घरको रक्षक कुकुरका साथै गाई गोरु र गोबरको पूजा गरिन्छ। पशुपंक्षी र जनावरको समेत पुजा गरेर प्रकृतिसंगको सम्बन्ध तिहार हो। धनकी देवी लक्ष्मीको पूजा गर्दा धनधान्य हुने विश्वास गरिन्छ । तिहारलाई फूलको चाड पनि भन्ने गरिन्छ । तिहार उज्यालोको पर्व पनि हो। पाँच दिनसम्म घर झिलिमिली पारेर उज्यालो बनाईन्छ । अहिले बजारमा जतातते उज्यालो बनाएर सबैले मनाउने चाडको रुपमा बिकास हुदै गएको छ। तिहारमा दिदीबहिनीहरुले दाजुभाइलाई सप्तरंगी टिका र माला लगाएर दिर्घायूको कामना गर्दछन् । तिहार दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर पनि हो ।

हाम्रो मौलिक चाड तिहारको पाँच दिन घरको ढोकामा तेल हाल्ने र साझ दियो बत्ती बालेर झिलीमिली बनाउने गरिन्छ । तिहारमा साथीसँगी मिलेर देउसी भैलो खेल्ने गरिन्छ । तिहारको बेलामा देउसी भैलो खेलेर रकम संकलन गर्ने उपयुक्त मौका पनि हो। जाजरकोट केन्द्र भएर गएको भूकम्पको कारण संस्था वा समुदायले जनतासंग पैसा उठाउने निहुँ बन्नु हुँदैन। विगतमा संघसंस्था, क्लब, आमा समूह, राजनैतिक पार्टी र तिनका भातृसंस्था सबैले तिहारमा देउसी भैलो खेलेर रकम संकलन गर्ने गरेका थिए। देउसी भैलोको मौलिक र सांस्कृतिक पक्ष हराउँदै जाने र पश्चिमा संस्कृतिको अन्धानुसरण गर्ने चलन बढेर गएको छ । चाडपर्व भनेको घरपरिवारका सबै मिलेर रमाइलो बनाउने हो । चाडपर्व हो केही हुदैन भन्ने हेलचक्र्याई गर्ने अवस्था छैन। सरकारले देउसी भैलो राति खेल्न आग्रह गरेको छ।

पटका नपट्काउन, जुवातास खेल्न रोक लगाएको छ । कानुनले रोक लगाएको मात्र होइन समाजलाई बर्वाद पार्ने काम नियन्त्रण गर्न सरकारले जारी गरेको आदेश पालना गर्नु सचेत नागरिकको कर्तव्य हो। त्यस्तै पटका, भुईंचम्पा पड्काएर आतंकित पार्ने काम शहर बजारमा बढी हुने गरेको छ । प्रहरीले अवैध रुपले ल्याईएका त्यस्ता पटका र बिस्फोटक पदार्थ समातेको यदाकदा समाचार पनि आउने गरेका छन्। तर रोकिने भन्दा भित्रिने बढी हुने गरेको भान परेको छ। त्यसवाट आगलागी हुने र शरिर नै अंगभंग हुने किसिमका गतिविधि पनि शहरी क्षेत्रमा बढ्दै गएका छन्। यसलाई नरोकेसम्म रमाइलोको बेला नरमाईलो भईरहने छ।

तिहारकै बेला नेवार सम्प्रदायले आत्मसुद्धि गर्ने, म्ह पुजा गर्ने र नयाँ वर्ष नेपाल सम्वत् मनाउने गर्दछ। नेपाल सम्वत्को महत्व संखधर शाख्वाले काठमाडौंवासीको ऋण तिरिदिएको हुँदा उनैलाई सम्झने दिन पनि नेपाल सम्वत् हो । नेपालको आफ्नै मौलिक सम्वत् पनि तिहारकै बेलाबाट शुरु हुने हुँदा नेपाल सम्वत ११४४ को शुभकामना । तिहारलाई सबैले स्वास्थ्य सुरक्षा पालना गरेर खुशी र रमाइलोसँग मनाउन सकौं हामी हाम्रा पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा देशविदेशमा रहनु भएका सबै नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

# उमेर बढ्दै जाँदा देखिने छालाको समस्या र उपचार

डा प्रमेश कोइराला



उमेर बढ्दै जाँदा शरीरमा रुपमा चाउरीपन (रिंकल) देखिन थाल्छ । रिंकल मात्र होइन, उमेर बढ्दै जाँदा छालामा अन्य समस्या आउन सक्छन्। विभिन्न अन्य समस्याहरू पनि आउन थाल्छन् । कालो उठेको दागहरु पनि आउँछन्। जसलाई एज स्पट पनि भनिन्छ। उमेर बढ्दै जाँदा छाला पातलो हुँदै जाने, छाला झोलिएर जाने, नाकको छेउछेउको छाला (नासोलाबिल फ्लडस) डिप भएर जाने, गाला लत्रिएर जाने, गालाको तलपट्टि छाला घाँटीभन्दा माथिको भाग (सबमेन्टल फ्याट प्याड) पनि जमेर जाने सम्भावना हुन्छ।

छालाको रङमा आउने परिवर्तनहरु अर्थात् पिग्मेन्टेसन पनि देखिन सक्छ। चाया पोतो (मेलाज्म)को समस्या पनि देखिन सक्छ। महिलाहरुमा मेनोपोजपछि छाला पातलो हुँदै जाने, छाला रातो भइहाल्ने हुन्छ । यसरी एजिङसँगै देखिने समस्याहरू वंशाणुगन रूपमा पनि देखिन्छ। फोटोएजिङ (घामले गर्दा आउने समस्या) मेलाज्मा मात्र नभएर अन्य अन्य माथि भनिएका समस्याहरुलाई अझ चाँडो बढाउन सक्छ । साथै धूमपान र मद्यपान, धेरै गुलियो खानेकुराले पनि एजिङलाई बढाउँछ। यसको एउटा रोकथाम भनेको घामबाट जोगिने हो। यसका लागि सन्सक्रिम लगाउनुपर्छ। नेपाली स्किनको लागि कम्तीमा पनि ३०-५० एसपिएफ पिए त्रिपल प्लसको सन्सक्रिन दुईदेखि तीन घण्टाको फरकमा आफ्नो हातो दुई औंला (माझी औंला र चोरी औंला) भरीमा पूरा तानेर २.५ मिलिलिटर अनुहार र घाँटीसम्म पुगे गरेर लगाउनुपर्छ।

बढ्दो उमेरमा छालामा समस्या नआओस् भनेर रोक्न सेरम, मस्चराइजर पनि बिहान र बेलुका लगाउनुपर्छ। अनुहारलाई धेरै सुख्खा नहुने गरी सामान्य खालको हाइजिन मेन्टेन गर्ने क्लिन्जरहरु प्रयोग गर्न सकिन्छ। छालामा समस्या देखिइसकेपछि अब यसको उपचार के हुन्छ भने एउटा प्रचलित उपचार बोटुलिनम टक्सिन हो। जसलाई बजारमा बोटक्स भनेर चिनिन्छ। यो निधारको चाउरी, आँखा वरिपरिको चाउरी, नाकमा हुने चाउरी हटाउन प्रयोग गरिन्छ। यो ४-६ महिनामा फेरि गर्नुपर्ने हुन्छ। पटक-पटक गर्दै जाँदा एडिएक्टिभ इफेक्टिभ हुन्छ। अर्थात् बोटोक्सले काम गर्ने समय बढ्दै जान्छ।

अर्को छालामा फ्लड्स र गहिरो रिंकल देखियो भने फिलर्स गर्न सकिन्छ। यो उपचार एक वर्षपछि पुनः गर्नुपर्छ। अर्को छालालाई तन्काउने गरेर थ्रेड्स भन्ने प्रविधि छ। त्यसलाई छालाको बाहिरि सतहबाट तलपट्टि इन्जेक्टे गरेर छाला तन्काउन सकिन्छ। अरु छाला तन्काउने प्रक्रियामा एन्टिएजिङतर्फ हाइफू (एचआईएफयू) अथवा एमएफयू पनि छ। यो पनि गर्न सकिन्छ। हाइफू ६ महिनादेखि डेढ वर्षको फरकमा गर्न सकिन्छ। एमएफयू ३-६ महिनाको फरकमा गर्न सकिन्छ । माइक्रो निडल रेडियो फ्रिक्वेन्सी अर्थात् (एमएनआरएफ) पनि छ। त्यो प्रविधिले माइक्रोनिडल्सको बिचमा रेडियो फ्रिक्वेन्सी पास गरेर छाला टाइट गर्ने गरिन्छ। अहिले एकदमै प्रचलित उपचार भनेको पीआरपी (प्लेटलेट्स रिच प्लाज्मा) ट्रिटमेन्ट पनि हो । जसमा बिरामीको रगत निकालेर त्यसलाई सेन्ट्रीफ्युज गरेर पीआरपी बनाउँछौं। त्यसले नै छालामा माइक्रोनिडलिङ गरेर राख्न पनि सकिन्छ । अर्को भनेको बायोरेमोडुलेटर उपचार हो। यसमा छालामा रहेको प्रोटिन, कोलाजिन र इलास्टिनलाई अझ बनाउन मद्दत गर्छ । कुनै पनि माथि भनिएका उपचार विधिहरू एजिङ प्रक्रिया सुरु हुनुभन्दा पहिला नै गर्दा प्रभावकारी देखिन्छ। समस्या आइसकेपछि र शरीरमा अन्य अरू दीर्घकालीन रोग जस्तैः मधुमेह, थाइरोइड सम्बन्धी रोग, मोटोपन भएमा एन्टी एजिङ उपचार त्यति प्रभावकारी हुँदैन। साथै धूमपान र मद्यपानले धेरै गुलियो खानेकुराले पनि एजिङलाई बढाउँछ।

छालाका यस्ता समस्याबाट बच्ने यी उपचार, सन्सक्रिनको प्रयोग बाहेक खानेकुराहरुमा पनि विशेष ध्यान दिन आवश्यक हुन्छ। एन्टीअक्सिडेन्ट भएका खानेकुराहरुमा जोड दिने जस्तै फलफूल, सागसब्जी धेरै खाने, गुलियो खानेकुरा सकभर कम गर्ने, दीर्घकालीन रोगहरूको पनि उपचार गराउने, धूमपान र मद्यपान नगर्ने, शारीरिक व्यायाम, योग तथा ध्यान गर्ने लगायतका कुरामा पनि जोड दिनुपर्छ।

(छाला रोग विशेषज्ञ डा कोइराला लेट मी इन् अस्पताल महाराजगन्जमा कार्यरत छन्।)

# विश्वकप छनोटमा खेल्ने खेलाडी छनोट

रासस
काठमाडौं, २४ कार्तिक

फिफा विश्वकप र एएफसी एसिया कपको संयुक्त छनोटअन्तर्गत सयुंक्त अरब इमिरेट्स (युएई)विरुद्धको खेलमा प्रतिस्पर्धा गर्ने राष्ट्रिय पुरुष टोलीको घोषणा भएको छ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले २३ सदस्यीय नेपाली टोलीको घोषणा गर्नुभएको हो । अभ्यासका क्रममा घाइते भएका टोलीका अनुभवी डिफेन्डर अनन्त तामाङलाई भने टोलीमा समावेश गरिएको छैन। नेपालले कात्तिक ३० गते युएईसँग उसैको घरेलु मैदानमा खेल्नेछ । त्यसपछि नेपालले आगामी मङ्सिर ५ गते दशरथ रङ्गशालामा यमनसँग खेल्ने छ । विश्वकप एसिया छनोटको दोस्रो चरणको समूह 'एच' मा रहेको नेपालको समूहमा युएई, बहराइन र यमन रहेका छन् । पहिलो चरणमा नेपालले लाओलाई पराजित गर्दै दोस्रो चरणमा छनोट भएको हो । युएईसँग खेल्ने नेपाली टोलीमा किरणकुमार लिम्बू, दीप कार्की, अभिषेक बराल, सनिश श्रेष्ठ, रोहित चन्द, अन्जन राई, आशिष चौधरी, अमृत श्रेष्ठ, एरिक विष्ट र छिरिङ लामा छन् । यसैगरी, समूहमा योगेश गुरुङ, लकेन लिम्बु, उत्सव राई, क्रितिश रत्न छुन्जु, मनिष डाँगी, सेसेहाङ आङदाम्बे, निशान हमाल, अञ्जन विष्ट, आयुष घलान, जिलेश्पीजङ कार्की, हिसुब थपलिया, सञ्जीव विष्ट र राजेश परियारलाई नेपाली टोलीमा समावेश गरिएको छ।

# तनहुँ जलविद्युत आयोजनाका सबस्टेशन निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २४ कार्तिक

ऋषिङ गाउँपालिका-१ झापुटारमा एक सय ४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाले दुईवटा सबस्टेशन निर्माण गरेको छ । घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेशन निर्माण गरी सञ्चालनमा ल्याएको छ।

सबस्टेशनसम्म विद्युत् पुर् याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको आयोजना प्रमुख राजाभाइ शिल्पकारले जानकारी दिनुभयो । विद्युत् आपूर्तिमा सहज बनाउन सबस्टेशन निर्माण गरिएको हो । तनहुँ जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएका हुन्।

सामाजिक विकास कार्यक्रमअन्तर्गत आयोजनाले जिल्लामा विद्युतीकरणका लागि सबस्टेशन निर्माण गरेको उहाँले बताउनुभयो । नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको हो । प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेशनल लिमिटेड भारतसँग २०७५ पुस १० गते भएको खरिद सम्झौता २०७५ फागुनमा कार्यान्वयनमा आएको थियो । चौतीस दशमलव सात किमी प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये ६९ टावरको जग हालिएको छ भने ३३ टावर खडा गरिएका छन्। उक्त प्याकेजको समग्र निर्माणमा ६९ प्रतिशत प्रगति रहेको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध निर्देशक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ।

# चितवनको सयपत्री र मखमली हङकङ निर्यात

रासस
भरतपुर, २४ कार्तिक

चितवनमा उत्पादित सयपत्री र मखमली फूल हङकङ निर्यात गरिएको छ। कालिका नगरपालिका-२ पदमपुरका तीन जना दाजुभाइले उत्पादन गरेको एक हजार तीन सय माला र दुई क्विन्टल खुद्रा फूल बिहीबार हङकङ पठाइएको हो।

तिहारका लागि नेपालबाट पहिलो पटक सयपत्री फूल निर्यात गरिएको किसान गोविन्द बास्तोलाले जानकारी दिनुभयो। "आठ सय वटा सयपत्री र पाँच सय वटा मखमली फूलका माला पठाएका छौं । मालाबाहेक सयपत्री फूलको थुङ्गासमेत दुई क्विन्टल निर्यात गरेका छौं", बास्तोलाले भन्नुभयो, "चितवनबाट व्यावसायिक रूपमा फूल विदेश निर्यात भएको पहिलोपटक हो ।" उहाँका अनुसार रु तीन लाख बराबरको माला निर्यात भएको छ । उहाँले अन्य देशबाट पनि सयपत्री फूलको माग आएको बताउनुभयो । "अहिले हङकङ निर्यात गरेका छौं", उहाँले भन्नुभयो, "विस्तारै अन्य देशमा पनि सयपत्री फूल र माला निर्यात गर्नेछौं ।" विगतका वर्षमा ४१ जिल्लामा सयपत्री फूल बिक्री गर्दै आएकोमा हाल विदेशमा पठाएको किसान अमित बास्तोलाले बताउनुभयो । "हामीले गत वर्षदेखि बाह्र महिना नै फूल खेती गर्छौं । माघमा उत्पादन हुने गरी १० कठ्ठामा लगाएका छौं", उहाँले भन्नुभयो, "चितवनमा फूल खेतीको सम्भावना राम्रो छ।" तीन भाइले तिहार लक्षित सयपत्री फूल तीन बिघामा खेती गर्नुभएको छ।

फूल खेतीबाट यसवर्ष बाह्र हजार माला र आठ क्विन्टल फूलको थुङ्गा उत्पादन हुने उहाँहरूको अनुमान छ । यसबाट रु १५ लाख आम्दानी हुने अमितले बताउनुभयो। बजार भए भने अन्य बालीभन्दा फूलखेतीबाट राम्रो आम्दानी हुने उहाँको भनाइ छ। "अन्य खेतीमा उत्पादन र लागत एउटै हुन आउँछ", उहाँले भन्नुभयो, "फूल खेतीमा ५० प्रतिशत नाफा हुन्छ ।" उहाँहरूले फूल खेती सुरु गरेको चार वर्ष भयो। कोरोना महामारीपछि फूल खेती सुरु गर्नुभएका तीन दाजुभाइले जग्गा भाडामा लिएर खेती गर्नुभएको हो । भारतको कलकत्तादेखि रु एक लाख बराबरको बीउ ल्याएर तीन बिघामा खेती सुरु गर्नुभएका उहाँहरूले सयपत्रीका दुई जात टेनिसबल र कलकतीया फूल हङकङ निर्यात गर्नुभएको हो। कात्तिक २४ गते राति काठमाडौँबाट जहाजमार्फत हङकङ लगिने सप्लायर्स कमल सुवेदीले जानकारी दिनुभयो । हङकङमा बस्ने नेपाली समुदायबाट सयपत्री फूलको माग आएकाले लैजान लागिएको उहाँले बताउनुभयो । "म विदेशमा च्याउ निर्यात गर्दै आएको छु । सो क्रममा तिहारमा दिदीबहिनीले सयपत्री फूलको माग गरेको हुँदा लैजान लागेको हुँ", उहाँले भन्नुभयो, "तिहारमा नेपाली समुदाय भएको क्षेत्र सिङ्गापुर, मलेसिया, दुबई र कतारबाट समेत सयपत्री फूल र मालाको माग आएको छ ।" फूल निर्यात गर्दा खासै फाइदा नहुने भए पनि किसानको प्रोत्साहन गर्नका लागि निर्यात गरिएको उहाँको भनाइ छ । यहाँबाट आइसबक्समा 'प्रिकुलिङ' गरेर जहाजमार्फत फूल विदेश पठाउने उहाँले बताउनुभयो । चितवनमा यसवर्ष तिहारको समयमा फूल खेती गर्ने किसान बढेका छन् । कालिका नगरपालिकाले किसानको प्रोत्साहनका लागि बिरुवामा अनुदान समेत दिएको नगरप्रमुख विनोद रेग्मीले जानकारी दिनुभयो । "यहाँको फूल हङकङ निर्यात हुनु हाम्रा लागि खुसीको कुरा हो", उहाँले भन्नुभयो, "किसानलाई प्रोत्साहन दिने कुरालाई निरन्तरता दिन्छौ ।" नगरपालिकाले उत्पादन र आयआर्जनलाई जोडेर नीति निर्माण गरेको प्रमुख रेग्मीले बताउनुभयो । "गत आर्थिक वर्षदेखि फूलखेती प्रवर्द्धन गर्न बिरुवामा अनुदान दिने गरेका छौं । एउटा बिरुवा उत्पादन गर्न साढे दुई रुपैयाँ लाग्दो रहेछ । त्यसमा ५० प्रतिशत अनुदान दिइएको छ", उहाँले भन्नुभयो । अगामी वर्षदेखि अन्य बालीलाई जस्तै फूल खेतीलाई प्रोत्साहन गर्ने उहाँले बताउनुभयो । चितवनमा ५० बिघामा फूलखेती भएको छ । चितवनमा तिहारका लागि फूल खेती गर्ने करिब एक सय जनाको हाराहारीमा किसान छन् ।

# मेजनको धौलासिरी विमोचन

पोखरापत्र संवाददाता
म्याग्दी, २४ कार्तिक

मेजन पुन्द्वारा लिखित उपन्यास धौलासिरी विमोचन भएको छ। लोकवार्ता परिषद्ले आयोजना गरेको १२ औं सँगोष्ठी कार्यक्रममा कृतिको विमोचन गरिएको हो।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई, मालिका गाउँपालिकाका अध्यक्ष बेग गर्बुजा, धौलागिरी गाउँपालिकाका अध्यक्ष प्रेम पुन लगायत प्राज्ञिक व्यक्तित्वको उपस्थितिमा किताबको विमोचन गरिएको हो ।

धौलागिरी भेगको सयौं वर्ष पुरानो कथावस्तुमाथि आधारित उपन्यासमा लाहुरे परम्पराले ल्याएका उथलपुथल देखाइएको छ । धौलागिरी भेगमा प्रचलित भर्रा भाषा (आञ्चलिकता) प्रयोग गरी लेखिएको उपन्यासले पाठकलाई त्यहाँको जनजीवन




बुझ्न सघाउने विश्वास लिएको लेखक पुनले बताए। "उपन्यास पढेर धौलागिरीको जनजीवन बुझ्न सघाउ पुग्ने छ भन्ने विश्वास लिएको छु।

धौलासिरी पहिला बुढापुकाले भन्ने गरेको रैथाने नाम अहिले धौलागिरी भएको छ। धौलागिरीबारे अरू थुप्रो कुराहरू बुझ्न किताबले सघाउने अपेक्षा लिएको छु," उनले भने, "अरू कुरा त पाठकहरूले किताब पढीसकेपछि प्रतिक्रिया दिनुहुनेनै छ।" किताब बुलबुल प्रब्लिकेशन प्रालीले प्रकाशन गरेको हो । पुनका यो बाहेक दर्जन बढी गैरआख्यान किताब प्रकाशित छन् । किताब लेखन सँगसँगै मगर फिल्म निर्माण, लेखन र निर्देशनमा पनि पुन सक्रिय छन् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाव |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दीमा टिम्मुर खेती विस्तार

पोखरापत्र संवाददाता
म्याग्दी, २४ कार्तिक

म्याग्दीमा टिम्मुर खेती व्यावसायिक बन्दै गएको छ। खेतबारीका कान्ला र बाँझो जग्गामा मात्रै होइन खेती योग्य जमिनमा समेत अरु खेती छोडेर यहाँका किसानले टिम्मुर खेती गर्न थालेका छन्।

जिल्लाको बेनी नगरपालिकाको वडा नं ३ भकिम्ली, वडा नं ९ घतान, तोरीपानी र वडा नं १० पात्लेखेतसहित मालिका, मङ्गला र अन्नपूर्ण गाउँपालिकामा व्यवसायीकरुपमा टिम्मुर खेती गरिएको डिभिजन वन कार्यालय म्याग्दीले जनाएको छ।



अन्य अन्नबाली छोडेर खेतबारी, निजी तथा सामुदायिक वनमा समेत टिम्मुर खेती गर्न थालिएको कार्यालयका सहायक वन अधिकृत एवं टिम्मुरविज्ञ चन्द्रमणि सापकोटाले जानकारी दिनुभयो। एक दशकअघिसम्म त्यत्तिकै खेर गइरहेको टिम्मुरको पछिल्लो समय स्वदेश तथा विदेशबाट अत्यधिक माग हुन थालेपछि यहाँका कृषक टिम्मुर खेतीमा आकर्षित भएका उहाँले बताउनुभयो। सापकोटाका अनुसार म्याग्दीका किसानले एकल तथा सामूहिकरुपमा हरेक वर्ष टिम्मुर खेती विस्तार गरिरहेका छन्। बेनी नगरपालिकाका साथै मङ्गला, मालिका, धौलागिरि गाउँपालिकामा टिम्मुर खेती विस्तार भएको उहाँको भनाइ थियो। कृषकलाई उपयोगी हुने पुस्तकसमेत बजारमा ल्याउनुभएका सापकोटाले जिल्लामा वार्षिक करिब तीन हजार केजी टिम्मुर उत्पादनको सम्भावना रहेको जानकारी दिनुभयो। आधुनिक औजारको प्रयोगले उत्पादन बढ्नुका साथै समय पनि व्यवस्थापन भएको उहाँको भनाइ थियो। जिल्लामा २० समूह गठन गरी टिम्मुर खेती विस्तार भइरहेको डिभिजन वन कार्यालयले जनाएको छ। टिम्मुरविज्ञ सापकोटाले सामुदायिक वनमा रहेको टिम्मुर आर्थिक अवस्था कमजोर भएका र एकल महिलाले सङ्कलन गरेर बिक्री गर्ने गरेका बताउनुभयो। करीब एक सय ५० घरधुरीले टिम्मुर खेती गरिरहेका उहाँले जानकारी दिनुभयो। जिल्लामा सबैभन्दा धेरै टिम्मुर उत्पादन हुने गाउँको रुपमा चिनिएको तोरिपानीका कृषक यतिबेला टिम्मुर टिपेर सुकाउन व्यस्त छन्। असोज र कात्तिकमा टिम्मुरको फल टिप्ने गरिन्छ। म्याग्दीका गाउँमा फलेको टिम्मुर स्वादिलो हुने भएकाले पनि व्यापारी गाउँमै पुग्ने गरेका बेनी नगरपालिका-३ मुसुङ्का अगुवा कृषक लालबहादुर घर्तीले बताउनुभयो। उहाँका अनुसार गाउँबाटै प्रतिकिलो रू एक हजार छ सयदेखि रू दुई हजारसम्ममा बिक्री हुने गरेको छ। उहाँले नर्सरी स्थापना गरेर टिम्मुरका बिरुवा उमारी बिक्रीसमेत गर्दै आउनुभएको छ। डिभिजन वन कार्यालय, उद्योग वाणिज्य सङ्घलगायत सङ्घसंस्थाको पहलमा प्राविधिक तालिम लिएर स्थापना गरिएको नर्सरीबाट रू २५ मा प्रतिबिरुवा बिक्री हुने गरेको घर्तीले जानकारी दिनुभयो।

टिम्मुर खेतीलाई प्रोत्साहन गर्न जिल्लास्थित उद्योग सङ्घले विभिन्न किसिमका औजारसहित तालिममा सहयोग गरिरहेको छ। 'एक गाउँ एक उत्पादन'अन्तर्गत तोरीपानीसहित विभिन्न गाउँमा १९ हजार पाँच सय बिरुवासहित प्राविधिक सहयोग गरिएको सङ्घले जनाएको छ। तोरीपानी गाउँबाट वार्षिक छ हजारको हाराहारीमा बिरुवा जिल्ला बाहिर बिक्री हुने गरेको छ। एक कृषकले छ केजीदेखि माथि टिम्मुर उत्पादन गर्दै आइरहेका छन्। जिल्लामा कृषकले पहिलोपटक टिम्मुर प्रशोधन गर्ने औजार ल्याएका सापकोटाले बताउनुभयो। तोरीपानीका निलपहरा सामुदायिक वन उपभोक्ता समूहले टिम्मुर सुकाउने, प्रशोधन गर्ने, तौलने, मसला बनाउने औजार खरिद गरेका जनाउँदै त्यसका लागि वन कार्यालयले रू १० लाख अनुदान दिएको उहाँले बताउनुभयो।

प्रशोधन औजारको प्रयोगसँगै मसला बनाई बजारमा बिक्री गर्न, मिसावट रोक्न, गाउँकै ब्राण्डलाई स्थापित गर्नलगायत बजारीकरणमा सहज भएको कृषक समूहले जनाएको छ। जिल्लामा वार्षिक पाँच हजार किलो टिम्मुरको माग भए पनि वार्षिक तीन हजार किलो मात्र उत्पादन हुने अनुमान गरिएको छ। यहाँको टिम्मुर विदेशमा समेत निर्यात हुने गरेको छ।



तिहारका लागि मादल बनाउँदै : तिहारका लागि मादल बनाउँदै बागलुङ बजारका मादल व्यवसायी। पछिल्लो समय आधुनिकताले गर्दा मादल बिक्री नभएको व्यवसायीहरुको गुनासो छ। तस्बिर : रासस

# गोरु नभएपछि 'थ्रेसर मेशिन' ले दाइँ

पोखरापत्र संवाददाता
बागलुङ, २४ कार्तिक

पछिल्लो समय गोरुको अभाव र कृषिमा भित्रिएको प्रविधिका कारण गाउँघरबाट दाइँ गर्ने परम्परा हराउँदै जान थालेको छ।

केही वर्षअघिसम्म गोरु र मान्छेकै सहारामा दाइँ हाल्दै आएका बागलुङ जिल्लाका अधिकांश किसान पछिल्लो समयमा आधुनिक 'थ्रेसर मेशिन' र ट्र्याक्टरको सहायताबाट दाइँ हाल्न थालेका छन्। एक दशक अघिसम्म कात्तिक मङ्सिरमा खेतका फाँटमा हलगोरुको सहायताबाटै दाइँहाल्ने परम्परा भए पनि गोरु पाइन छाडेपछि थ्रेसर र ट्र्याक्टरको सहायताले दाइँ हाल्न थालिएको हो।

गाउँघरमा अर्मपर्म गरेर खेती लगाउने, खेती थन्काउने चलन हट्न थालेपछि ट्र्याक्टरले खेत जोत्ने, थ्रेसरले धान चुट्न थालिएको बागलुङ नगरपालिका-४ कुँडेलेका किसान काशीनाथ शर्माले जानकारी दिनुभयो। कृषिमा प्रविधिको विकासले गाउँघरबाटै दाइँ संस्कृति हराउँदै जान थालेको जनाउदै उहाँले धेरै मात्रमा धान उत्पादन हुने कुडुँले फाँटमा ट्र्याक्टरको सहायताले खेत रोप्ने र ट्र्याक्टरले नै दाइँ हाल्ने बताउनुभयो। उहाँले धान भने परम्परागत तरिकाले नै चुट्ने गरिएको बताउनभयो।

थ्रेसर मेसिन, ट्र्याक्टर हलो, पावर टेलर र मिनीटेलर हलोको प्रयोगले किसानको समय, श्रम र पैसाको बचत भए तापनि मौलिक संस्कृतिको भने मर्ममै प्रहार हुन थालेको भान हुने शर्माले बताउनुभयो। दाइँको तयारीका लागि पाँच/सात दिन अगाडिदेखि नै फाँटको सबैभन्दा ठूलो गह्रो खुर्केर खलो बनाएर त्यसमा पाएसम्म गाईको गोबरले लिपपोत गरेर, मियो गाडेर, धानको कुनियो लगाउने प्रचलन अहिले सुन्न मात्रै पाइने बागलुङका स्थानीय किसान छायादत्त रेग्मीले बताउनुभयो। उनीहरूका अनुसार खलोमा गोरु धपाउँदै, पराल माड्दै, धानको रास बनाएर त्यो धानलाई नाङ्लोले बत्ताउने, परालको भारी हाल्ने वा दाइँ गरिएकै स्थानमा पराल थन्क्याउने चलन रहेकोमा अहिले धान चुट्न साथ ट्र्याक्टरले दाइँ हालेर ट्र्याक्टरमै राखेर घरमा पुऱ्याइने गरिन्छ। अहिले युवाशक्ति विदेश पलायन हुनु, साथै गाउँघरमा गोरु र काम गर्ने मान्छे पाउन सकस हुनु र पाइएका खेतालाको ज्याला खर्च महँगो भएकाले बागलुङका किसानले पराल दाइँ हाल्न र खेतबाट घरमा पुऱ्याउन ट्र्याक्टरकै प्रयोग बढी हुने गर्दछ। गाउँघरमै कतिपयले अहिले फाँटमा त्रिपाल बिछ्याई धान झाँटेर धान पराल घरमा भित्र्याउन थालेका छन्। जसका कारण पहिलेजस्तो मियोमा गोरु घुमाएर दाइँ हाल्ने चलन गाउँघरबाटै हराउँदै जान थालेको छ। "गोरु र मान्छेले दाइँ हाल्दा समय बढी लाग्छ, खर्च धेरै नै हुन्छ", रेग्मीले भन्नुभयो, "ट्र्याक्टरले एकैपटक धेरै परालालाई दाइँ हालेर एक घण्टामै सक्छ, उपरकणको सहायताले दाइँ हाल्दा श्रम, समय र पैसाको बचत हुने भएकाले पनि यहाँका अधिकांश किसान अहिले ट्र्याक्टरको प्रयोग गर्दै आएका छन्। ठूला फाँटमा चार पाङ्ग्रे ट्र्याक्टरले खेत जोत्ने र साना तथा भिरालो खेतमा मिनि टेलर हलोको सहायताले खेत जोत्ने गरेको पाइन्छ। कृषि ज्ञान केन्द्र बागलुङको तथ्याङ्कअनुसार बागलुङमा पाँच हजार आठ सय ८३ हेक्टर जमिनमा धान रोपाइँ हुन्छ। दश स्थानीय तह रहेको बागलुङमा बागलुङ , जैमिनी र गलकोट नगरपालिका सहित बडिगाड गाउँपालिकामा बढी धान उत्पादन हुने कृषि ज्ञान केन्द्र बागलुङमा बाली विकास अधिकृत कुमार पुनले बताउनुभयो।

# गह्रौंसुर मन्दिरमा १५ लाख भेटी सङ्कलन

पोखरापत्र संवाददाता
वालिङ, २४ कार्तिक

स्याङ्जाको प्रसिद्ध धार्मिकस्थल गह्रौंसुर मन्दिरमा बडादसैंको अवधिमा करिब रु १५ लाख भेटी सङ्कलन भएको छ। वालिङ नगरपालिका-८ र गल्याङ नगरपालिका-१० को सङ्गमस्थलमा अवस्थित 'गह्रौंसुर धार्मिक एवं पर्यटकीय केन्द्र'मा रहेको भगवती तथा कालिका मन्दिरमा भेटीस्वरुप उक्त रकम सङ्कलन भएको हो। यो भेटी गत वर्षको सोही अवधिको भन्दा दोब्बर हो।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुरजप्रताप खाणका अनुसार घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्मको अवधिमा मन्दिरमा विभिन्न शीर्षकबाट भेटी सङ्कलन भएको हो। गत वर्ष बडादसैंको अवधिमा रु आठ लाख १६ हजार भेटी सङ्कलन भएको थियो। मन्दिरमा चढाइएको भेटी, पाठा तथा पाडाको टाउको बिक्री, परेवा बिक्री, टीका थाली, दानपेटिका, होटल, पसल तथा सहयोग रसिदबाट उक्त भेटी सङ्कलन भएको हो। बडादसैंको अवधिभर पूजापाठ गर्ने पण्डित तथा पुजारीलाई दक्षिणा रु ७० हजार ६५, कामदारलाई पारिश्रमिक रु एक लाख ७१ हजार तीन सय, पूजा भोग वस्तु खरिद रु ६६ हजार चार सय ६०, अन्य दानदक्षिणा, खाना खर्च, इन्धन तथा मसलन्द गरी सबै शीर्षकमा कुल रु तीन लाख ७० हजार दुई सय पाँच खर्च भएको छ। सबै खर्च कटाएर रु ११ लाख १० हजार बचत भएको उहाँले बताउनुभयो। तत्कालीन बाइसे/चौबीसे राज्यअन्तर्गतको गह्रौंकोट राज्यका प्रथम राजा दशरथ खाणको समयमा स्थापित ऐतिहासिक एवं पुरातात्विक महत्वको सो मन्दिर पाँच सय ५० वर्ष पुरानो मानिन्छ। धार्मिक एवं पर्यटकीय दृष्टिले प्रचुर सम्भावना बोकेको यस मन्दिरमा नयाँ-नयाँ भौतिक संरचना निर्माण भइरहेकाले थप आकर्षण बढ्दै गएको छ। स्याङ्जाको व्यापारिक केन्द्र वालिङ बजारबाट मन्दिरसम्म पुग्नका लागि पछिल्लो समय आंशिकरूपमा सडक कालोपत्र, ढलान तथा ग्राभेल गरिएको छ। विशेषगरी बडादसैं र चैतेदसैंमा यहाँ हजारौंको सङ्ख्यामा पाठा, पाडा, भेडा, हाँस र परेवाको बलि दिने गरिन्छ। एकादशी, चौथी, औँशी, सोह्र श्राद्धबाहेक यहाँ हरेक दिन बलि दिने गरिएको छ। स्याङ्जासहित पाल्पा, गुल्मी, पर्वत, बाग्लुङ, तनहुँ, बुटवल, पोखरालगायत स्थानबाट यहाँ बर्सेनि हजारौं भक्तजन पूजाआजाका लागि आउने गर्छन्। समुद्र सतहबाट झण्डै एक हजार छ सय मिटरको उचाइमा रहेको यस स्थानबाट मनमोहक हिमशृङ्खलासहित नागबेली आकारमा बहेका कालीगण्डकी र आँधीखोला तथा ती नदीले बनाएका समथर भू-भाग देख्न सकिन्छ। यहाँबाट स्याङ्जासहित, पाल्पा, तनहुँ, नवलपरासी, नवलपुर, कास्की, पर्वत, गुल्मीलगायतका जिल्लाका भाग सहजै देख्न सकिन्छ। यस ठाउँलाई पछिल्लो समय पर्यटनसँग पनि जोड्दै अगाडि बढ्ने क्रममा सुविधासम्पन्न अतिथि गृह, सभाहल, हेलिप्याड, ढुङ्गेधारालगायतका भौतिक संरचना निर्माण भइसकेका छन्।

**Jaimini Municipality**
Kushmisera, Baglung
Gandaki Province, Nepal

**Invitation for Bids**

(Date of Publication: 2080-7-24 BS (2023-Nov-10 AD) (Time 23:59)

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the Building construction work mentioned in table below under contract.

| S.N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of 5 no.ward office building construction,Jaimini-5,Binamare | JM/BAGLUNG/ NCB/W/B/ 1/2080/81 | NRs.95,93,667.36 | NRS 3000 | 2,40,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# ऐतिहासिक हर्सिङडाँडामा पर्यटक वृद्धि

पोखरापत्र संवाददाता
लमजुङ, २४ कार्तिक

राष्ट्रिय विभूति भक्ति भापाले बालापनमा गाईवस्तु चराएको हर्सिङडाँडामा पछिल्लो समय पर्यटकको सङ्ख्या बढेको छ।

लमजुङ मर्स्याङ्दी गाउँपालिका-३ हर्सिङडाँडासम्म पुग्ने बाटो राम्रो भएको र यसबारे प्रचार-प्रसार हुन थालेसँगै पर्यटकको वृद्धि हुन थालेको हो।

विगतमा सुनसानजस्तै हुने यहाँ यतिबेला दैनिक ४० देखि एक सय जनासम्म पर्यटक आउने गरेको स्थानीय पर्यटन व्यवसायी पूर्णबहादुर गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "विगतमा ओझेलमा पर्दै आए पनि केही समयदेखि भने पर्यटक घुम्न तथा बास बस्ने गरेर आउने गरेका छन्।" विस्तारै मौसम राम्रो हुँदै गएको र बाटोसमेत राम्रो भएकाले पर्यटक वृद्धि हुने स्थानीय सुरज गुरुङले बताउनुभयो। यस स्थानमा चार युवा मिलेर खाना र बस्नका लागि पूर्वाधार निर्माण गरेपछि पर्यटक आगमनमा बढेको हो। पूर्णबहादुर गुरुङ, सुमन गुरुङ, सुरज गुरुङ र इन्द्रबहादुर गुरुङ गरी चार जना युवा मिलेर रु ११ लाख लगानीमा खाना-बस्नका लागि ३५ जनासम्म अट्ने हल निर्माण गर्नुभएको छ। यहाँ आउने पर्यटकलाई अर्ग्यानिक खानाखाजा दिने गरिएको छ।

यस डाँडाबाट मर्स्याङ्दी गाउँपालिकाको पर्यटकीय गाउँ सिउरुङ, ढङ्गै, भुस्मे, घनपोखरालगायत अधिकांश ठाउँ घाउँ देखिन्छ। त्यस्तै दक्षिण एसियाकै नमूना घलेगाउँडाँडा, कल्मेडाँडा, बेँसीसहर बजार, मर्स्याङ्दी नदीको नागबेली, डा हर्क पिक हिमाल, मनास्लु रेन्स, बुद्ध हिमाललगायतका देख्न सकिन्छ। त्यस्तै तनहुँको बन्दीपुरडाँडासमेत देख्न सकिने पर्यटन व्यवसायीको भनाइ छ। यहाँ खाना बस्नका लागि एक रातको प्रतिव्यक्ति रु एक हजार लिने गरेको छ। यस डाँडामा राष्ट्रिय विभूति भक्ति थापाले बालापनमा गाईवस्तु चराएको स्थानीयको भनाइ छ। यसै वडामा विसं १८०२ मा खुदीको ढङ्गैबेँसीमा जन्मिनुभएका भक्ति थापाको बाल्यकाल बितेको हर्सिङडाँडामा वस्तुभाउ चराउने, छेलो हान्ने गर्नुभएको थियो। हर्सिङडाँडामा गाईवस्तु चराउनुभएका भक्ति थापा विसं १९७१ मा नेपाल-अङ्ग्रेज युद्धको बखत नेपालका वरिष्ठ सैनिक हुनुहुन्थ्यो। उहाँ लमजुङ जिल्लाको पुँवर थापा परिवारमा जन्मनुभएको हो। उहाँ पहिले लमजुङका राजा केहरीनारायण शाहका सेनाका सरदार भएकाले लमजुङका तर्फबाट धेरैपटक युद्ध लडेको इतिहास छ।

गोरखासँगको अन्तिम युद्धमा पराजित भई युद्धबन्दीका रूपमा काठमाडौँ पुगेको करिब एक वर्षपछि उहाँ नेपाली फौजका सरदार भई नेपाल एकीकरण अभियानमा संलग्न हुनुभएको थियो। विसं १८७८ मा ७३ वर्षको उमेरमा नेपाल अङ्ग्रेज युद्धमा देउथलको लडाइँको नेतृत्व उहाँले गर्नुभयो।

देउथलमा अङ्ग्रेजविरुद्ध तरबारसहित तीन सय सेना लिएर युद्ध गरेका थापाको अङ्ग्रेजको गोली लागेर मृत्यु भएको थियो। अङ्ग्रेज सेनाले गोर्खाली सेनाको वीरताको कदर गर्दै थापाको शवमा दोसल्ला ओढाएर सम्मानका साथ अमरसिं थापालाई बुझाएको इतिहास छ।